Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ४४ | वि.सं. २०८३ जेठ १३ बुधवार | नेपाल संवत: ११४६, ज्येष्ठ शुक्ल एकादशी | Wednesday 27 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## १६ औं प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु

**युग संवाददाता**
**सुर्खेत, १२ जेष्ठ ।**

कर्णाली प्रदेशको राजधानी सुर्खेतस्थित वीरेन्द्रनगर रंगशालामा १६ औं प्रदेश स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता भव्य रूपमा सुरु भएको छ। कर्णाली प्रदेशका सबै जिल्लाका खेलाडीहरूको उत्साहजनक उपस्थिति रहेको उक्त प्रतियोगिताको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि एवं कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय यामलाल कँडेलले कर्णालीको खेलकुद क्षेत्रको विकासका लागि प्रदेश सरकार दृढताका साथ लागि परेको बताए।

मुख्यमन्त्री कँडेलले अब कर्णालीमै विभिन्न राष्ट्रिय स्तरका खेलहरू आयोजना गरेर यस क्षेत्रलाई खेलकुदकै माध्यमबाट विश्वमाझ चिनाउन आवश्यक प्रयत्न गरिने प्रतिवद्धता समेत व्यक्त गरे।

समुद्घाटन समारोहको अध्यक्षता गरेका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले प्रदेश सरकारले खेलका माध्यमबाट कर्णालीलाई चिनाउने काम गरिरहेको उल्लेख गरे। उनले यस प्रतियोगिताबाट छनोट हुने उत्कृष्ट खेलाडीहरूलाई बन्द प्रशिक्षण (क्लोज गेम) मा राखेर राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धाका लागि पठाइने जानकारी दिए।

खेलकुदले कर्णालीमा मौलिक र साहसिक पर्यटन खेलहरूको समेत सुरुवात गरिसकेको चर्चा गर्दै मन्त्री भण्डारीले खेल क्षेत्रलाई अझ व्यावसायिक रूपमा अगाडि बढाउन खेलाडीहरूको मुख्य भूमिका रहने बताउँदै धन्यवाद ज्ञापन गरे। साथै, उनले सुर्खेतमै चाँडै १९ वर्षमुनिको (यु-१९) राष्ट्रिय क्रिकेट प्रतियोगिता समेत आयोजना हुन लागेको महत्वपूर्ण जानकारी दिए।

प्रतियोगिताको पहिलो दिन भएका खेलहरूमा एथ्लेटिक्सतर्फ कालिकोट र उसुतर्फ आयोजक सुर्खेत जिल्लाका खेलाडीहरूले उत्कृष्ट प्रदर्शन गर्दै बर्चस्व कायम गरेका छन्। एथ्लेटिक्सको १५ सय मिटर दौड अन्तर्गत छात्रतर्फ कालिकोटका अनिल शाही प्रथम, जुम्लाका युवराज बुढा द्वितीय र सुर्खेतका भुवन चालिसे तृतीय हुन सफल भए भने छात्रातर्फ कालिकोटकी स्वस्तिका कठायत प्रथम, कालिकोटकै सपना शाही द्वितीय र जुम्लाकी संगिता कुमारी बुढाले तृतीय स्थान हासिल गरे।

त्यस्तै, उसु खेलका विभिन्न विधामा सुर्खेतका खेलाडीहरूले क्लिन स्वीप गरेका छन्। उसुको छाङ छ्वानतर्फ छात्रमा भुपेन्द्र बुढा र छात्रामा सुनिता कुँवर प्रथम भए। नान छ्वानतर्फ छात्रमा तुफान कुँवर र छात्रामा सन्ध्या राना क्षेत्रीले स्वर्ण पदक जिते भने थाईची छ्वानतर्फ छात्रमा करण चौधरी र छात्रामा इभान्जेलिना कुँवर मगरले प्रथम स्थान हासिल गर्न सफल भए। आगामी पर्सिसम्म सञ्चालन हुने यस प्रतियोगितामा कर्णालीका विभिन्न जिल्लाबाट आएका खेलाडीहरूले अन्य विभिन्न खेल विधाहरूमा आफ्नो उत्कृष्ट खेल कौशल प्रस्तुत गर्ने कार्यक्रम छ।

# कर्णालीमा रोकिएन असारमा रकमान्तर गर्ने प्रवृत्ति

अर्थ विविधमा एकमुष्ट बजेट राखि अन्य कार्यक्रममा वर्षन्तमा रकमान्तरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने सुझाव महालेखाले वर्षेनी दिने गरेको भएपनि यसको पालनामा भने प्रदेश सरकार चुक्दै आएको आरोप लाग्दै आएको छ । प्रदेश सरकारले बजेट योजना यथार्थपरक नहुनु, आयोजना कार्यान्वयन ढिलो हुनु, खरिद प्रक्रिया समयमै पूरा नहुनु तथा वर्षान्तमा खर्च देखाउने दबाबका कारण असारमा रकमान्तर गर्ने गरेको छ ।




**ओम शाही**
**सुर्खेत, १२ जेष्ठ ।**

प्रदेश स्थापना भएयता कर्णाल प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा एउटा विषय कहिल्यै छुट्दैन। त्यो हो, असारमा रकमान्तर नगर्ने नीति। आर्थिक वर्षको अन्त्य अर्थात असार महिनामा गरिने रकमान्तरको प्रभावकारी र पारदर्शी नहुने भन्दै वर्षेनी सरकारले नीति ल्याउछ। तर, व्यवहारमा भने आर्थिक वर्षको अन्त्यमा ठुलो बजेट टुक्र्याउने प्रवृत्तिको अन्त्य भने अझै हुन सकेको छैन।

महालेखापरीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको कर्णाली सरकारको वित्तिय लेखाजोखाको आठौं प्रतिवेदन अनुसार वार्षिक नीति तथा कार्यक्रममा वर्षान्तमा रकमान्तर नगर्ने नीति लिएको भए पनि व्यवहारमा भने कार्यान्वयन नभएको देखिन्छ। कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २० मा विनियोजन ऐन बमोजिम १० प्रतिशतको सीमाभित्र रही

बाँकी ३ पेजमा

### कुन निकायले कति गरे रकमान्तर ?

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गत आर्थिक वर्ष २०८१/०८२ मा पूँजीगत तर्फ ६ करोड पाँच लाख ३८ हजारमा १०४.३१ प्रतिशत थप र चालुतर्फ ३२ करोड सात लाख ५२ हजारमा ९.१२ प्रतिशत घट गरी २९ करोड २४ लाख ५७ हजार बजेट कायम भएको छ। चालु र पूँजीगततर्फ गरी रकमान्तरबाट तीन करोड ४८ लाख ५० हजार थप गरी सुरु बजेट विनियोजनको ९.१२ प्रतिशत रकमान्तर गरेको छ।

बाँकी ३ पेजमा

### के भन्छ अर्थ मन्त्रालय ?

कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले असार महिनामा हुने रकमान्तरलाई दायित्व व्यवस्थापनका लागि गरिएको नियमित वित्तीय प्रक्रिया भएको दावी गर्दै आएको छ।

मन्त्रालयका प्रवक्ता एवं उपसचिव चेतनकुमार तिमिल्सेनाले रकमान्तर असारमा मात्रै नभई आवश्यकता अनुसार अन्य समयमा पनि हुने गरेको बताउछन्। बजेट विनियोजनपछि कुनै शीर्षकमा रकम अपुग हुने र अर्को शीर्षकमा बचत हुने अवस्था आएमा कानुनी व्यवस्था

बाँकी ४ पेजमा

## सुदूरपश्चिम प्रदेशका बैंकहरूमा कर्जाभन्दा निक्षेप वृद्धिदर ५ गुणा बढी

**युग संवाददाता**
**काठमाडौं, १२ जेठ ।**

सुदूरपश्चिम प्रदेशका बैंक तथा वित्तीय संस्थामा कर्जा लगानीको तुलनामा निक्षेप संकलन ५ गुणा बढी भएको छ। आर्थिक गतिवधि सुस्त हुँदा कर्जाको मागमा आएको कमीका कारण निक्षेप धेरै भएको हो।

चालु आर्थिक वर्षमा समग्र अर्थतन्त्रमा माग बढ्न सकेन। त्यसले गर्दा कर्जा लगानी पनि न्यून भयो। तर, रेमिट्यान्स आप्रवा निरन्तर बढ्दा निक्षेप संकलन बढ्न पुग्यो। बैंक तथा वित्तीय संस्थामा निक्षेप थपिँदै जाने तर कर्जा लगानी सुस्त हुँदा वित्तीय प्रणालीमा अधिक तरलताको अवस्था बनेको हो। यो अवस्था तत्काल सुधार हुने संकेत देखिएको छैन।

२०८२ पुस मसान्तसम्म सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०८१ पुस मसान्तको तुलनामा २५.३६ प्रतिशतले वृद्धि भई १ खर्ब ८१ अर्ब ५० करोड ८० लाख पुगेको छ।

यस्तो निक्षेप २०८२ असार मसान्तको तुलनामा ४.४२ प्रतिशतले बढेको हो। २०८२ पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले सुदूरपश्चिम प्रदेशमा प्रवाह गरेको कुल कर्जा २०८१ पुस मसान्तको तुलनामा ५.०५ प्रतिशतले वृद्धि भएर १ खर्ब ६१ अर्ब ८३ लाख पुगेको छ। यस्तो कर्जा २०८२ असार मसान्तको तुलनामा २.२९ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०८२/८३ मा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.२८ प्रतिशत र आधारभूत मूल्यमा ३.११ प्रतिशत रहने अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयको छ।

आर्थिक वर्ष २०८२/८३ को कुल गार्हस्थ्य उत्पादनमा सुदूरपश्चिम प्रदेशको प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको योगदान क्रमशः ३३.६५ प्रतिशत, १३.६९ प्रतिशत र ५२.६६ प्रतिशत रहने अनुमान छ।

चालु आवको पुससम्ममा प्रमुख कृषि बालीले ढाकेको भू-क्षेत्र २.३८ प्रतिशतले ह्रास आएको छ भने यस्ता बालीको उत्पादन ४.९४ प्रतिशतले घटेको छ। सो अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन २.०१ प्रतिशत, तरकारी तथा बागवानीको उत्पादनमा २२.४३ प्रतिशतले ह्रास आएको छ। फलफूलको उत्पादनमा ९.९५ प्रतिशतले वृद्धि भएको छ। पशुजन्य उत्पादन अन्तर्गत दूध उत्पादन २५.११ प्रतिशत, ऊन उत्पादन १०.३४ प्रतिशत र छाला उत्पादन ३.७८ प्रतिशतले बृद्धि भएको छ भने मासुजन्य उत्पादन ०.१७ प्रतिशत र अण्डा उत्पादन २.१० प्रतिशतले घटेको छ।

चालु आवको सो अवधिमा सुदूरपश्चिम प्रदेशमा कुल सिँचित क्षेत्रफल ५.४० प्रतिशतले वृद्धि भएको छ भने प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफलको ३१ प्रतिशत क्षेत्रफल सिँचित रहेको छ। यस प्रदेशमा प्रवाहित कुल कर्जाको ९.७१ प्रतिशत कर्जा कृषि क्षेत्रतर्फ प्रवाह भएको छ। सुदूरपश्चिम प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रमा प्रवाहित

बाँकी ३ पेजमा

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं,
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# भूमिगत पानीका स्रोत जोगाऔं !

सुर्खेतको वीरेन्द्रनगर उपत्यकामा पानीको संकट र प्राकृतिक प्रकोपको जोखिम पछिल्ला वर्षहरूमा गम्भीर चुनौतीका रूपमा देखा परेको छ। तीव्र सहरीकरण, अव्यवस्थित भू-उपयोग, वन विनाश र जलवायु परिवर्तनका असरले उपत्यकाको प्राकृतिक जलचक्र असन्तुलित बन्दै गएको छ। यही पृष्ठभूमिमा कर्णाली प्रदेश सरकारले एकीकृत जलाधार व्यवस्थापन गुरुयोजना लागू गर्नुलाई सकारात्मक र दूरदर्शी कदमका रुपमा लिन सकिन्छ। दीर्घकालीन पानी सुरक्षा, भूगर्भिय जल संरक्षण तथा बाढी-पहिरो जोखिम न्यूनीकरणका लागि वैज्ञानिक आधारमा तयार गरिएको यस्तो योजना समयानुकूल आवश्यकता पनि हो। वीरेन्द्रनगर उपत्यका चुरे र महाभारत पर्वत शृङ्खलाबीच अवस्थित संवेदनशील भू-भाग हो। यहाँ बढ्दो जनसंख्या र अनियन्त्रित संरचना निर्माणले प्राकृतिक मुहान, खोल्सा र पुनर्भरण क्षेत्रहरूमा प्रत्यक्ष असर पारेको छ। वर्षायाममा आकस्मिक बाढी र डुबानको समस्या बढिरहेको छ भने गर्मीयाममा खानेपानीको अभाव चर्किंदै गएको छ।

यस्तो अवस्थामा केवल अस्थायी समाधानले समस्या टार्न सक्दैन। पानीको स्रोत संरक्षण, भूगर्भीय जल पुनर्भरण र प्राकृतिक प्रणालीको पुनर्स्थापनामार्फत दीर्घकालीन समाधान खोज्नुपर्ने आवश्यकता थियो, जुन दिशामा यो गुरुयोजना अघि बढेको देखिन्छ। प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि पाँच करोड बजेट विनियोजन गरी योजना कार्यान्वयन सुरु गर्नु स्वागतयोग्य छ। उत्तरी जलाधार क्षेत्र संरक्षण, जैविक इन्जिनियरिङमार्फत पहिरो नियन्त्रण, वृक्षारोपण, वर्षाको पानी संकलन तथा प्राकृतिक मुहान संरक्षणजस्ता कार्यक्रमले वातावरणीय सन्तुलन कायम गर्न मद्दत पुऱ्याउने अपेक्षा गर्न सकिन्छ। अझ महत्वपूर्ण पक्ष भनेको यसमा स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता समिति तथा समुदायको सहभागितालाई प्राथमिकता दिइनु हो। प्राकृतिक स्रोत संरक्षणमा समुदायको स्वामित्व र सक्रियता बिना कुनै पनि योजना दिगो हुन सक्दैन। यद्यपि योजना बनाउनु मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन अझ चुनौतीपूर्ण पक्ष हो। विगतमा पनि विभिन्न गुरुयोजना कागजमै सीमित भएका उदाहरण छन्। त्यसैले यस योजनालाई राजनीतिक परिवर्तन, बजेट अभाव वा प्रशासनिक ढिलासुस्तीको शिकार बन्न दिनुहुँदैन।

वैज्ञानिक अध्ययन, भौगोलिक सूचना प्रणाली र सामुदायिक अनुगमनलाई प्रभावकारी रूपमा प्रयोग गर्दै पारदर्शी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक छ। साथै, सहरी विकासका नाममा भइरहेका अव्यवस्थित संरचना निर्माण र प्राकृतिक क्षेत्र अतिक्रमणमाथि कडाइ गर्नुपर्ने देखिन्छ। जलवायु परिवर्तनका असर दिनप्रतिदिन गहिरिँदै गएका बेला पानी र वातावरण संरक्षण अब विकल्पको विषय होइन, अस्तित्वको प्रश्न बनेको छ। वीरेन्द्रनगरको जलाधार संरक्षणको विषय सामान्य होइन। वीरेन्द्रनगरको बढ्दो शहरीकरण र अव्यवस्थित भू-उपयोगले जोखिम बढ्दै गएको प्रति बेलैमा सचेत हुनुपर्ने आवश्यकता छ। वीरेन्द्रनगर आफैमा बहुपर्कोपिय जोखिममा रहेको क्षेत्र पनि हो। यसर्थ, वीरेन्द्रनगर उपत्यकाको उत्तरी जलाधार क्षेत्र संरक्षण, भूगर्भीय जल पुनर्भरण, प्राकृतिक प्रकोप रोकथाम तथा समुदायमा आधारित जल व्यवस्थापनलाई प्राथमिकतामा राखेर अघि बढ्न आवश्यक छ। यसमा वैज्ञानिक अध्ययनमा आधारित दीर्घकालीन जलाधार व्यवस्थापन रणनीतिलाई मसिनो गरी कार्यान्वयनमा लैजानु पर्दछ। अर्को महत्वपूर्ण पक्ष उपत्यका क्षेत्रमा मापदण्डविपरितका संरचनाहरु निर्माण गर्न दिइनु हुँदैन।

# गणतन्त्रात्मक शासन प्रणाली र निजामती सेवा



✍ **श्यामप्रसाद मैनाली**

लोकतान्त्रिक अधिकारहरूको पूर्ण उपभोग गर्न नागरिकहरू बढी आकर्षित हुन्छन्। राजनीतिक प्रणालीको विकासक्रम अध्ययन गर्दा निरङ्कुश राजतन्त्रले नै विश्वका प्रायः सबै देशहरूमा प्रारम्भका दिनहरूमा एकछत्र शासन गरेको अवस्था थियो। तत्पश्चात् नागरिकहरूले लोकतान्त्रिक अधिकारहरू क्रमशः प्राप्त गर्दै गएको अवस्था हो।

आधुनिक समाजको आकर्षण लोकतन्त्रप्रति छ। जनताको सर्वोच्चतालाई स्वीकार गर्दै शासन प्रणालीमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ। सार्वभौम जनता नै सबै प्रकारका शक्तिको स्रोत हुन्छन्। गणतान्त्रिक शासन प्रणालीले यथार्थमा लोकतन्त्रको संरचनागत विकास गर्न सक्दछ। आमनागरिकहरूको शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको सुनिश्चित गणतान्त्रिक शासन प्रणालीले गर्दछ, गर्नु पनि पर्दछ। एक व्यक्तिमा निहीत रहेको शासन र जनताको सहमति र निर्णयको परीक्षण नै नगरी वंशानुगत शासन प्रणाली राजतन्त्रमा सुदृढ भएको हुन्छ।

राजतन्त्रात्मक शासन प्रणालीमा नागरिकहरूले शासनलाई मार्गदर्शन प्रदान गर्न सक्दैनन्। गणतन्त्रमा शासकहरूको प्रत्यक्ष जवाफदेहिता नागरिकप्रति रहन्छ। शासन प्रणाली जनताबाट निर्देशित हुने भएकाले गणतन्त्रमा उत्तरदायी शासन व्यवस्थाको सञ्चालन सम्भव भएको हो। त्यसैले लोकतन्त्रबाट अत्याधिक प्रतिफल र उपलब्धि हासिल गर्न नागरिकहरू गणतान्त्रिक शासन प्रणालीप्रति गोलबद्ध हुन पुग्दछन्। यस अर्थमा गणतन्त्र नागरिकहरूको जीवनरेखा नै मानिएको छ।

वंशानुगत शासन प्रणालीलाई विस्थापित गर्ने क्रममा जनप्रतिनिधिद्वारा सर्वोच्च पदमा आसिन गराई आफ्नै प्रतिनिधिमार्फत शासित हुने व्यवस्था नै गणतन्त्र हो। सबै नागरिकहरूलाई समान अधिकारहरूको प्रत्याभूति गणतन्त्रले गर्दछ। यसमा नागरिकहरूको आत्मसम्मान, प्रतिष्ठा, सहभागितालाई सर्वोपरि प्राथमिकतामा राखिन्छ। शासन प्रणाली वंशानुगत रूपमा सञ्चालन भई एक व्यक्तिले समग्र राष्ट्रलाई नै आफ्नै इच्छाअनुसार सञ्चालन गर्ने शासकीय प्रक्रियाबाट उन्मुक्ति प्राप्त गर्न गणतन्त्रबाट मात्र सम्भव हुन्छ। लोकतन्त्रको सिद्धान्त, मूल्य, मान्यतालाई व्यवहारमा परिणत गरी सच्चा लोकतन्त्रको अनुभूति गराउने व्यवस्थाको अर्को नाम गणतन्त्र हो। वंशानुगत शासन प्रणालीमा आम नागरिकहरूको आवाज कुण्ठित हुन सक्दछ।

गणतन्त्रमा संविधान नै शासन सञ्चालनको मूल आधार हुन्छ। सबै नागरिकहरूले आफ्ना मौलिक हकहरूको उपभोग निर्वाधरुपमा गर्न सक्दछन्। शासन प्रणालीमा नागरिकहरूले स्वामित्व ग्रहण गर्ने वातावरण तयार हुन्छ। राज्य र जनताका बीचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण हुन्छ। सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ। नेपाल बहुजातीय, बहुसांस्कृतिक देश भएकाले विविधताका बीच एकताका पक्षमा शासन केन्द्रित गर्न पनि गणतन्त्र जरुरी हुन्छ। आफ्ना आवश्यकताहरूको पहिचानगरी सोही अनुसारका नीति निर्माण गर्न, योजना बनाउन र कार्यक्रम तयार गर्ने सम्बन्धमा योगदान दिन नागरिकहरू गणतन्त्रिक लोकतन्त्रमा मात्र सक्षम हुन्छन्।

नेपालमा लामो लोकतान्त्रिक सङ्घर्षपश्चात् २०६५ जेठ १५ गते गणतन्त्र प्राप्त भएको हो। यस दिनलाई हर्षोल्लासका साथ राष्ट्रिय पर्वकै रूपमा मनाइन्छ। नेपालमा यो उत्कृष्ट लोकतान्त्रिक शासन प्रणाली प्राप्त गर्नका लागि धेरै लामो समयदेखि नेपाली नागरिकहरू सङ्घर्षशील रहेका हुन्। लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा धेरै सपुतहरूले आफूलाई बलिवेदीमा चढाइ लोकतन्त्रको प्रतिफल नेपालीहरूलाई प्रदान गर्न सफल भएका हुन्। यो राजनीतिक उपलब्धि प्राप्त गर्नका लागि नागरिक समाज, राजनीतिक दलहरू हुँदै सचेत नेपाली नागरिकहरूको ऐक्यबद्धताले निरन्तरता दिँदा सम्भव बनाएको हो। नेपालको राजनीतिक घटनाक्रमहरूको सिंहावलोकन गर्नुपर्दा २००४ सालदेखि २०१५, २०१९, २०३६ र २०६३ सालसम्मको नागरिकहरूको भगिरथ प्रयासलाई स्मरण गर्नुपर्दछ। राजनीतिक दलहरूको एक दलले सन् १९८६ देखि २००६ सम्म देशमा ठूलो द्वन्द्व र आतङ्कको अवस्था सिर्जना गरेको यथार्थता हामीहरूको स्मरणमा छ।

जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भनेजस्तै एउटा महत्वपूर्ण गन्तव्यका रुपमा देशलाई लोकतान्त्रिक गणतन्त्रमा परिणत गर्ने दृढता त्यसबखतका द्वन्द्वरत पक्षहरूमा देखिएको थियो। नेपालको २४० वर्ष पुरानो निरंकुश राजतन्त्रात्मक शासन प्रणालीलाई परिवर्तन गरेर गरिबीको अवस्था र अन्यायपूर्ण शासन प्रणालीबाट उन्मुक्ति खोज्ने निरन्तर प्रयास नेपाली नागरिकहरूले गरेका हुन्। राजतन्त्रात्मक शासन प्रणालीलाई विश्वमै क्रमशः अस्वीकार्य शासनका रुपमा लिँदै गरेको पाउँदाका कारण पनि नेपाली नागरिकहरू संघर्षरत रहेका हुन्। यिनै प्रयासहरूको परिणाम नेपालीहरूले २०६५ सालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली प्राप्त गरेका हुन्।

**गणतन्त्रको उपादेयता**

नेपाली नागरिकहरू २४० वर्षसम्मको निर्वाध रुपमा अभिव्यक्तिको स्वतन्त्रताको उपभोग गर्न नपाएको तिक्तता र आक्रोशका कारण गणतन्त्रप्रति आकर्षित हुँदैगएका थिए। राजतन्त्रात्मक शासन प्रणालीका शासकहरूका विरुद्ध आन्दोलन गर्न सक्ने हैसियतमा नागरिकहरू प्रारम्भका समयमा थिएनन्। विश्व परिवेशमा आएको परिवर्तनका कारण नेपालीहरू पनि सचेत हुँदै गएका हुन्। गणतन्त्र प्राप्त भएपश्चात् जनताले आमनिर्वाचनबाट आफ्ना प्रतिनिधिहरू निर्वाचित गरी लोकतान्त्रिक शासनमार्फत शासित हुने सौभाग्य प्राप्त गरेका छन्। यो स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोग गर्न पाएकै कारण गणतन्त्रको उपादेयता देखिएको हो। देशका दूरदराजदेखि उन्नत सहरी क्षेत्रमा बसोबास गरी आएका सम्पूर्ण नागरिकमा विविधताका बीच लोकतान्त्रिक अधिकारको सदुपयोग गर्दै राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको पक्षमा एकताबद्ध हुने वातावरण गणतन्त्रले बनाइदिएको हो।

खासगरी नेपाली युवाहरूमा राजनीतिक चेतना र जागरण ल्याउन यस प्रणालीबाट सम्भव हुन्छ। प्रतिवर्ष मनाइने गणतन्त्र दिवसले यसका लागि उपयुक्त मञ्च तयार पारिदिन्छ। विशेषगरी युवाहरूले राजनीतिक चिन्तन, मनन एवं विश्लेषण गर्ने गराउने अवसर प्राप्त गर्दछन्। राजनीतिक इतिहास, लोकतान्त्रिक शासन प्रक्रिया, नागरिकहरूको राष्ट्रप्रतिको कर्तव्य जस्ता महत्त्वपूर्ण विषयहरूमा सुसुचित हुने अवसर यस्ता राष्ट्रिय पर्वबाट युवाहरूले प्राप्त गर्दछन्। अग्रजहरूले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि गरेका सङ्घर्ष र योगदानको बारेमा जानकारी प्राप्त गर्दछन्।

लोकतान्त्रिक गणतन्त्रको उपादेयता र महत्त्वको बारेमा सुसुचित हुने अवस्था बन्दछ। मताधिकारको प्रयोग गर्दै निर्वाचित प्रतिनिधिहरूलाई आम नागरिकहरूप्रति जवाफदेही बनाउने प्रण गर्ने दिनका रुपमा गणतन्त्र दिवसलाई लिइन्छ।

संविधानमा रहेका लोकतान्त्रिक प्रावधानहरूको व्यवहारमा उपयोग गर्नका लागि आफ्ना प्रतिनिधिहरूलाई निर्देशित गर्ने हैसियत नागरिकहरूले प्राप्त गर्दछन्। जनप्रतिनिधिहरू समेत आफ्ना मतदाताहरूबाट प्राप्त मार्गदर्शन र निर्देशनका आधारमा लोकतान्त्रिक प्रणालीलाई आत्मसाथ गर्दै अघि बढ्ने प्रक्रियामा अभ्यस्त हुन्छन्। न्याय र स्वच्छ व्यवहारको प्राप्ति गणतान्त्रिक लोकतन्त्रमै हुन्छ। नागरिकहरूले सम्मान पाउने व्यवस्था पनि यही हो। भयरहित वातावरणमा जीवन निर्वाह गर्न लोकतान्त्रिक सिद्धान्त मूल्य र मान्यतामा अडिग रहन यस प्रणालीले मार्गप्रशस्त गर्दछ।

गणतन्त्रत्मक लोकतान्त्रिक शासन प्रणाली सर्वोत्कृष्ट लोकतान्त्रिक प्रणाली भएकाले नेपालमा गणतन्त्र प्राप्ति भएकोमा विश्वका प्रायः सबै लोकतान्त्रिक देशहरूले नेपालको यस उपलब्धिलाई समर्थन गरेका छन्। नेपाली जनताको इच्छा र आकांक्षाका कारण नेपालमा गणतन्त्र प्राप्त भएकाले यस्तो शासन प्रणाली स्थापना भएको अवसरलाई संयुक्त राष्ट्रसङ्घले समर्थन र स्वागत गरेको छ। विश्वभर नै आफ्नो पहिचान लोकतान्त्रिक गणतन्त्रात्मक देशका नाताले बनाउन सफल भएकै कारण अन्तरराष्ट्रियस्तरमा नेपालको स्वीकार्यता बढ्दै गएको छ। दुईपक्षीय र बहुपक्षीय सम्बन्धहरू समेतमा विस्तार हुँदै आएको छ। यो गणतान्त्रिक लोकतान्त्रिक शासन प्रणाली कै कारण सम्भव भएको हो।

**गणतन्त्रमा निजामती सेवा :**

गणतान्त्रिक व्यवस्थामा जनता सदैव शासन सत्ताको केन्द्रमा रहन्छन्। जनताको चाहना, इच्छा र आवश्यकताको पहिचान गर्दै नागरिकहरूको पूर्ण सम्मानका साथ शासन सञ्चालन यस प्रणालीमा गरिन्छ। यस्तो लोकतान्त्रिक शासन स्थायी संयन्त्र वा स्थायी सरकारको रुपमा अस्तित्वमा रहेको हुन्छ। यस महत्वपूर्ण संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्न सक्दा मात्र जनता समक्ष लोकतान्त्रिक सरकारले विश्वास आर्जन गर्न सक्दछ। सक्षम निष्पक्ष र उत्तरदायी निजामती प्रशासन लोकतान्त्रिक गणतन्त्रमा अपरिहार्य मानिन्छ। राष्ट्रसेवक निजामती कर्मचारीहरूले प्राप्त गर्ने अधिकारहरू लगायतका सुरक्षाको व्यवस्था गर्न गणतान्त्रिक सरकारसक्षम हुनुपर्दछ। यस परिस्थितिमा मात्र निजामती सेवाबाट अपेक्षित उपलब्धिहरू प्राप्त हुन सक्छन्।

निजामती सेवाका राष्ट्रसेवकहरूबाट नागरिकहरूले सरल तरिकाले पारदर्शिताका आधारमा गुणस्तरीय प्रभावकारी सेवा उपलब्ध हुनुपर्ने अपेक्षा गरिराखेका हुन्छन्। यस प्रकारको व्यवस्थामा जनता नै वास्तवमा मालिक हुने भएकाले निजामती संयन्त्र सेवाग्राही जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुपर्दछ। कानुनी शासनका आधारमा प्रशासन सञ्चालन हुनुपर्दछ। भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्नमा निजामती संयन्त्र प्रभावकारी सिद्ध हुनुपर्छ। यस प्रकारको प्रभाव नागरिकहरूमा पर्दा मात्र राज्यप्रति आम नागरिकहरूले विश्वास प्रकट गर्दै स्वामित्व ग्रहण गर्दछन्। विकास र समृद्धिका संवाहकहरू पनि निजामती कर्मचारीहरू बन्न सक्नु पर्दछ। नीति निर्माताहरूलाई यस सेवाका नेतृत्व तहमा रहनेहरूले आफ्नो क्षमता र योग्यताको आधारमा इमान्दारितापूर्वक सहयोग गर्नु पर्दछ। सरकारका नीति योजना तथा कार्यक्रमहरू तर्जुमाको अवस्थामा विशेषज्ञको रुपमा सहयोग पुऱ्याई कार्यान्वयन चरणमा प्रत्यक्ष संलग्नता यस्ता संयन्त्रबाट राज्यले अपेक्षा गरिराखेको हुन्छ।

देशका सबै प्रकारका जात, जाति, वर्ग, भाषा, क्षेत्र, समुदायको राज्यका क्रियाकलापहरूमा समान र अर्थपूर्ण सहभागिता प्रदर्शन गराउन संयन्त्र सफल हुनुपर्दछ। सामाजिक न्याय र समावेशताको गन्तव्य प्राप्तगर्न क्रियाशीलता दिन सक्नुपर्दछ। संविधान लगायतका देशका कानुनहरूको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गर्दै नागरिक अधिकारको संरक्षण व्यवहारिक रुपमा नै गर्न इमान्दारितापूर्वक कार्य सम्पादन हुनु पर्दछ। नागरिकहरूको सहभागिताको गुणस्तरीय र अर्थपूर्ण प्रवर्द्धनको वातावरण तयार हुनु अत्यावश्यक मानिन्छ। नागरिकहरूका बीचको सद्भाव कायम गर्दै राष्ट्रिय एकताका पक्षमा सकारात्मक परिणामका लागि निजामती कर्मचारीहरूको इमान्दार प्रयास हुनुपर्दछ। यस परिस्थितिमा मात्र गणतान्त्रिक व्यवस्थाको प्रवर्द्धनको महसुस आम नागरिकहरूले गर्न सक्छन्।

निजामती कर्मचारी संयन्त्रलाई सरकारले उनीहरूको मनोबल उच्च बनाई सक्षमताको विकास गर्नुपर्दछ। यसका लागि राष्ट्रसेवक कर्मचारीहरूले राज्यबाट प्राप्त गर्ने अधिकारहरू लोकतान्त्रिक गणतन्त्रले सबै प्रकारका संवैधानिक

► बाँकी ३ पेजमा

## विश्व

# अमेरिकी आक्रमणबीच इरान सम्झौता वार्ता पेचिलो

◣ **वासिङ्टन, १२ जेठ ।**

अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुङ्गामाथि 'आत्मरक्षात्मक' सैन्य कारबाही गरेको जनाएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानसँगको वार्ता 'सकारात्मक ढङ्गले अघि बढिरहेको' दाबी गरिरहेकै बेला अमेरिकी सेनाले दक्षिणी इरानमा क्षेप्यास्त्र प्रक्षेपण स्थल र खानी बिछ्याउन प्रयोग हुने डुङ्गामाथि 'आत्मरक्षात्मक' सैन्य कारबाही गरेको जनाएको छ। यसले युद्धविरामको नाजुक अवस्थाबीच सैन्य तनाव र कूटनीतिक प्रयास एकैसाथ अघि बढिरहेको सङ्केत गरेको छ।

अमेरिकी सेनाको सेन्ट्रल कमान्डका प्रवक्ता क्याप्टेन टिम हकिन्सका अनुसार उक्त आक्रमण 'इरानी सेनाबाट उत्पन्न जोखिमविरुद्ध अमेरिकी सैनिकको सुरक्षा सुनिश्चित गर्न' गरिएको हो। उनले अमेरिकी पक्षले जारी युद्धविरामको अवधिमा संयम अपनाइरहेको दाबी पनि गरे। यद्यपि, इरानबाट उत्पन्न भनिएको खतरा वास्तवमा के थियो, त्यसले जारी वार्तालाई कसरी असर गर्न सक्छ भन्ने विषयमा तत्काल विस्तृत जानकारी सार्वजनिक गरिएको छैन। घटनाबारे इरानले औपचारिक प्रतिक्रिया दिएको छैन। यद्यपि, तेहरानले अमेरिकासँग सम्भावित सहमतिबारे जारी छलफलका लागि आफ्नो संसद्का अध्यक्ष मोहम्मद बाघेर कालिबाफलाई कतार पठाएको छ। युद्धका क्रममा इरानी आक्रमणको दबाब खेपेको कतारले इरानसँग सम्बन्धित अर्बौं डलर रकम आफ्ना वित्तीय संयन्त्रमार्फत व्यवस्थापन गर्दै आएको पृष्ठभूमिमा यो संवादलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

इरानभित्र भने घटनाको प्रभाव देखिन थालेको छ। पूर्व रिभोलुसनरी गार्ड प्रमुख मोहसेन रेजाईसँग निकट मानिने समाचार वेबसाइट तबनाकले अमेरिकी कारबाहीमा चारजना गार्ड सैनिक मारिएको जनाएको छ। उता, इरानी सरकारी टेलिभिजनले हर्मुज जलघाँटी क्षेत्रअन्तर्गत पर्ने बन्दर अब्बास आसपासको सैन्य बन्दरगाह र दोहोरो प्रयोजनका विमानस्थल वरपर विस्फोट भएको खबर ि दएको छ।यी घटनाले एक सातादेखि कायम युद्धविरामलाई पुनः अस्थिर बनाउने खतरा बढाएको छ। विश्व ऊर्जा आपूर्तिको दृष्टिले संवेदनशील मानिने हर्मुज जलघाँटी अझै पनि इरानको प्रभाव क्षेत्रमा रहेको मानिन्छ। विश्वभर कारोबार हुने कच्चा तेल र प्राकृतिक ग्यासको ठूलो हिस्सा यही मार्गबाट ओहोरदोहोर हुने भएकाले त्यहाँको अस्थिरताले अन्तर्राष्ट्रिय ऊर्जा बजारमा प्रत्यक्ष असर पार्ने चिन्ता कायम छ।

यता ट्रम्पले इरानसँग सम्भावित सहमतिको दायरालाई थप फराकिलो बनाउन खोजेको देखिएको छ। उनले इरान युद्ध अन्त्य गर्ने कुनै पनि सम्भावित सम्झौतामा साउदी अरेबिया, पाकिस्तानलगायत थप देशहरूलाई पनि 'अब्राहम सम्झौता' मा सहभागी गराउनुपर्ने प्रस्ताव अघि सारेका छन्। ट्रम्प प्रशासनको पहिलो कार्यकालमा सुरु गरिएको यो अमेरिकी मध्यस्थतामा आधारित पहलको उद्देश्य इजरायलसँग सम्बन्ध सामान्यीकरण गर्नु थियो।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष:** तारिफयोग्य कामले राम्रो उपलब्धि दिलाउनेछ। मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ। गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ।

**वृष:** हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ। भूमि तथा पशुधनबाट लाभ मिल्नेछ।

**मिथुन:** गलत व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ। काममा आफ्नो श्रम परे पनि प्रतिफलमाथि अरूले राज गर्नेछन्।

**कर्कट:** मान-सम्मान पाइने समय छ। बोलीको भरमा चिताएको काम बन्नेछ। विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन्।

**सिंह:** प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ। भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। बिछोडिएका आफन्त नजिकिनेछन्।

**कन्या:** खर्चिलो कामले अर्थ अभाव निम्त्याउन सक्छ। तापनि पछिका लागि काम गर्ने समय छ। समस्याले सक्रिय बन्न प्रेरित गर्नेछ।

**तुला:** मिहिनेत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन्। आवश्यक भौतिक साधन सजिलै जुट्नेछन्। आम्दानी बढ्नाले उत्साह जाग्नेछ।

**वृश्चिक:** विवादास्पद काममा हात हाल्नुपरे पनि प्रयत्न गर्दा बिस्तारै लक्ष्यमा पुग्न सकिनेछ। अवसरले पछ्याउनेछन्।

**धनु:** टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ। सामाजिक काममा रुचि बढ्नेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ।

**मकर:** परिस्थितिवश अरूका लागि समय खर्चनुपर्ला। व्यवहार अलि बिग्रन सक्छ। सानोतिनो समस्याले अल्झाउनेछ भने स्वास्थ्य पनि प्रतिकूल रहनेछ।

**कुम्भ:** प्रियजनको साथले दिन रमाइलो रहनेछ। विशेष काम गर्न बिहानको समय बढी लाभदायक रहनेछ। व्यवसायमा आम्दानी बढ्नेछ।

**मीन:** प्रतिस्पर्धा गर्नुपरे पनि स्रोतसाधन जुट्नाले दिगो काम बन्नेछ। तर आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्, सजग रहनुहोला।

# नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानमा विद्यावारिधि तहको पनि पठनपाठन थालनी

**युग संवाददाता**
**काठमाडौँ, १२ जेठ ।**
नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान भण्डारखालमा विद्यावारिधि तह डिएम/एम सिएचतर्फ तीन विधामा विद्यावारिधि तहको पठनपाठन थालनी भएको छ। ती विधामा डिएम कार्डियोलोजी, डिएम क्रिटिकल केयर तथा एम सिएच युरोलोजी विषय छन्।

संस्थानका कार्यकारी निर्देशक उपरथी प्रा डा देवेन्द्रबहादुर खत्रीले भन्नुभयो, "विद्यावाधि तह डिएम/एम सिएचतर्फ डिएम कार्डियोलोजी, डिएम क्रिटिकल केयर तथा एमसिएस युरोलोजी विषयमा पठनपाठन गर्न स्वीकृति प्राप्त भएको छ। पठनपाठन पनि थालनी भइसकेको छ।"

संस्थानअन्तर्गत हाल स्नातक तहमा पाँच कार्यक्रम (एमबिबिएस, बिपिएच, विएस्सी एमएलटी, बिएनएस विएस्सी तथा नर्सिङ कार्यक्रा सञ्चालित छन् भने स्नातकोत्तर तह एमडी/एमएसतर्फ १८ विषय तथा एएनतर्फ विभिन्न पाँच विषयको पठनपाठन हुँदै आएको छ।

हाल स्नातक विषयमा एक हजार २१५ र स्नातकोत्तर तहअन्तर्गत विभिन्न विधामा २६५ विद्यार्थी अध्ययनरत छन्। ती स्नातक विषयमा एक हजार ५९२ विद्यार्थी दीक्षित भएका छन्। कार्यकारी निर्देशक उपरथी प्रा डा खत्रीका अनुसार स्वास्थ्य विज्ञान संस्थानमा स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका शैक्षिक कार्यक्रमको सञ्चालन गरिएसँगै संस्थानद्वारा सञ्चालित शिक्षण अस्पताल वीरेन्द्र अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवासहित समग्र स्वास्थ्य सेवाको गुणस्तरमा उल्लेखनीय सुधार आएको छ।



**लाइसेसिङ परीक्षामा शतप्रतिशत उत्तीर्ण**

नेपाल मेडिकल काउन्सिलद्वारा विसं २०८२ सञ्चालन भएको 'लाइसेसिङ' परीक्षामा संस्थानका 'एमबिबिएस'तहका ९६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए। त्यसैगरी नेपाल हेल्थ प्रोफेशनल काउन्सिलबाट लिइएको 'लाइसेसिङ' परीक्षामा बिपिएच तथा एमएलटी कार्यक्रमका र नेपाल नर्सिङ काउन्सिलद्वारा सञ्चालित 'लाइसेसिङ' परीक्षामा शतप्रतिशत विद्यार्थी उत्तीर्णसफल भएका थिए।

यो उत्तीर्ण हुनेमा संस्थान पहिलो भएको जनाइएको छ। चिकित्सा शास्त्र अध्ययन संस्थानका डीन प्रा डा मोहनराज शर्माले भने, "स्थापनाको छोटो अवधिमा गुणस्तरीय चिकित्सा शिक्षा क्षेत्रमा संस्थानले ऐतिहासिक सफलता हात लागेको हो। चिकित्सा शिक्षाको जनशक्ति, अनुसन्धानसहित स्वास्थ्य सेवा प्रवाहमा नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान भण्डारखालले छोटो समयमा अब्बल प्रगति हाँसिल गरेको छ।"

स्वास्थ्य विज्ञान क्षेत्रमा दक्ष, अनुशासित व्यावसायिक जनशक्ति उत्पादन, गुणस्तरीय शैक्षिक वातावरण सुनिश्चित गर्ने, अनुसन्धान तथा नवीनत ज्ञानको प्रवर्द्धन गर्ने, नेपाली सेनासहित समग्र राष्ट्रको स्वास्थ्य सेवाको गुणात्मक क्षमता अभिवृद्धि गर्ने ध्येयले तत्कालीन प्रधानसेनापति छत्रमानसिंह गुरुङका पहलमा विसं २०६७ भदौ ३० गते स्वास्थ्य विज्ञान संस्थानको स्थापना भएको थियो।

**स्नातक तथा स्नातकोत्तर तहमा विषय थप हुँदै**

संस्थानले आगामी शैक्षिक सत्रदेखि स्नातक तहमा ब्याचलर इन फिजियोथेरापी, ब्याचलर इन फार्मेसी कार्यक्रम थप गर्ने तयारी गरेको छ। संस्थानका कार्यकारी निर्देशक उपरथी प्रा डा खत्रीले भने, "संस्थानको शैक्षिक दायरालाई समयानुकूल विस्तार गर्ने योजना रहेको छ। संस्थानले आगामी शैक्षिक सत्रदेखि स्नातक तहमा ब्याचलर इन फिजियोथेरापी, ब्याचलर इन फार्मेसी कार्यक्रम थप गर्ने तयारी गरेको छ।

आवश्यक गृहकार्य सकेर सम्बन्धित निकायमा स्वीकृतिका लागि पेस गरेका छौँ। स्नातक कार्यक्रम ब्याचलर इन डेन्टल सर्जरी, ब्याचलर इन ओप्टोमेट्री तथा स्नातकोत्तर तहका कार्यक्रम एमडी इमरजेन्सी मेडिसियन, एमएस्सी एमएलटी बायोकेमेट्री, एमएस्सी एमएलटी माइक्रोबायोलोजी तथा फेलेशीप इन अन्कोइमेजिङलगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल तथा समन्वय भइराखेको छ। यसका लागि आवश्यक पूर्वाधार तयारी तीव्र छ।"

**अब्बल अनुसन्धान**

संस्थानले शैक्षिक कार्यक्रम साथसाथमा सस्थानमा खोज तथा अनुसन्धानलाई साथसाथमा प्रभावकारी रुपमा निरन्तर जारी राखेको छ। गत वर्ष सङ्कायका सदस्य तथा स्नातक एवं स्नातकोत्तर तहका विद्यार्थीबाट २९२ वटा अनुसन्धान प्रस्ताव भएकामा २१५ प्रस्ताव स्वीकृत भएका उनले जानकारी दिए।

निर्देशक उपरथी प्रा डा खत्रीले भने, "संस्थानमा अनुसन्धानमूलक शैक्षिक वातावरण क्रमशः सुदृढ हुँदै गएको छ। शैक्षिक कार्यक्रमहरूलाई व्यवहारिक, समुदायमुखी तथा परिणाममुखी बनाउन संस्थानले पाठ्यक्रमअनुसार प्राज्ञिक तथा समुदायमा आधारित स्थलगत अध्ययनलाई उच्च प्राथमिता दिएको छ।"

हाल संस्थानमा ३८ प्राध्यापक, ६८ सह प्राध्यापक,१४२ उप प्राध्यापक सेवारत रहेका छन्। संस्थानबाट प्रकाशित मेडिकल जर्नलले अन्तर्राष्ट्रिय तहमा उच्च स्थानका साथ मान्यता पाएको छ। साथै नेपालबाट प्रकाशित हुने १० मेडिकल जर्नलभित्र पर्न सफल भएको उनले जानकारी दिए। निर्देशक उपरथी प्रा डा खत्रीले भने, "संस्थानको अनुसन्धान, शैक्षिक गुणस्तर तथा प्राज्ञिक योगदानलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा स्थापित गर्न महत्वपूर्ण योगदान पुगेको छ।"

नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, चिकित्साशास्त्र महाविद्यालयका प्राचार्य सहायक रथी प्रा डा रत्ना अधिकारीले त्रिविवि चिकित्सा अध्ययन सस्थानको नीतिभित्र रहेर सस्थानले पठनपाठन तथा अध्ययन अनुसन्धान गरिराखेको बताए।

## कक्षाकोठा नहुँदा टहरामा विद्यार्थी

**युग संवाददाता**
**मुगु, १२ जेठ ।**
मुगुको सोरु गाउँपालिका-७ कि बालसुन्दरी विष्ट मात्र होइन, अधिकांश विद्यार्थी उपयुक्त कोठा नहुँदा टहरामा पढ्न बाध्य छन्। गाउँपालिकामा रहेको एकमात्र 'आवासीय विद्यालय' मा आवश्यक भौतिक पूर्वाधार (कक्षाकोठा) नहुँदा विद्यार्थीहरू कष्टकर रूपमा जस्ताको टहरोमा बसेर पढ्न थालेको वर्षौं भयो।

प्रावि तहमा सामान्य कक्षा कोठा भए पनि निमाविदेखि माविसम्म विद्यार्थीहरू जस्ताको टहरामा बसेर पढ्न बाध्य छन्। कक्षाकोठाको अभावले विद्यार्थीलाई जस्तोको टहरोभित्र बसालेर पढाउनुपरेको प्रधानध्यापक रत्नराज चौलागाईले बताए। दुर्गम बस्तीका सहरमा गएर पढ्न नसक्ने गरिब जेहेन्दार विद्यार्थीको लागि शिक्षा प्रदान गर्ने उद्देश्यले यो आवासिय विद्यालय सञ्चालन भएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष छक्कबहादुर विष्टले जानकारी दिए।

अभिभावक वर्ग, नागरिक अगुवा वडासदस्य सोरु गाउँपालिका, कर्णाली प्रदेश सरकार र सङ्घीय सरकार शिक्षा मन्त्रालयसँग तत्काल बजेट व्यवस्था गरी विद्यालयमा भवन र सुरक्षित कक्षाकोठा निर्माण गरिदिन माग गरे पनि सुनवाइ हुनसकेको छैन। उक्त आवासीय माविमा बुम्च, ख्याल्च, सिरुपाट, गोइलपानी, पारपानी, तारापानीलगायत बस्तीबाट विद्यार्थीहरू पढ्न आउने गरेका छन्।

## कुन...

कार्यालयले कार्यक्रम खर्च शीर्षकमा एकमुष्ट दुई करोड ५० लाख बजेट विनियोजन गरेकोमा पूँजीगततर्फ सुरु बजेटमा व्यवस्था नगरी मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनामा रकमान्तर गरी आठ स्थानीय तहलाई तीन करोड ५० लाख अख्तियार प्रदान गरेकोमा दुई करोड ७० लाख ७७ हजार मात्र खर्च गरेको छ।

त्यस्तै, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले गत वर्ष सुरु बजेट २९ करोड ६४ लाख ४० हजार रहेकोमा रकमान्तरबाट चालुतर्फ सात करोड ९२ लाख ४० हजार थप गरेको छ।

यद्यपी, रकमान्तरबाट बजेट थप भएको भएपनि सुरु बजेट नै कार्यन्वयन हुन नसकेको अवस्था छ। गत वर्ष भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालयले असार मसान्तमा तीन करोड बजेट रकमान्तर गरेको छ।

गत यस मन्त्रालयलाई कुल विनियोजित १० अर्ब ४६ करोड ५४ लाख ३९ हजार रहेकोमा रकमान्तरबाट तीन करोड ४८ लाख ५० हजार घटाई १० अर्ब ४३ करोड पाँच लाख ८९ हजार अन्तिम बजेट कायम भएको छ। विनियोजन रकममध्ये ५६.६८ प्रतिशत मात्रै कार्यान्वयन भएको तथ्यांकले देखाउछ।

## मर्यादित महिनावारीबारे जुम्लामा सञ्चारकर्मी छलफल

**गोल्डेन बुढा**
**जुम्ला, १२ जेठ ।**
सामाजिक अभियान्ता राधा पौडेलले जुम्लाका सञ्चारकर्मीहरूसँग यौन तथा प्रजनन स्वास्थ्यसँग सम्बन्धित मर्यादित महिनावारी विषयक दुई दिने गहन छलफल कार्यक्रम सञ्चालन गरेकी छिन्। महिनावारीलाई अझै पनि अन्धविश्वास, सामाजिक बन्देज, अपवित्रताको धारणा र परम्परागत विभेदसँग जोडेर हेर्ने अभ्यासका कारण महिलाको सम्मान, आत्मसम्मान, अवसर र अधिकारमा दीर्घकालीन असर परिरहेको भन्दै पौडेलले समाजको सोच, व्यवहार र भाषिक संरचनामा नै रूपान्तरण आवश्यक रहेको स्पष्ट धारणा राखिन्। उक्त छलफलमा उनले महिनावारीलाई अपवित्रता, कमजोरी वा लाजको विषयका रूपमा स्थापित गर्ने मानसिकता नै महिलामाथि हुने संरचनात्मक विभेदको मूल आधार भएको बताइन्।

उनका अनुसार यस्तो सोच व्यक्तिगत मात्रै होइन, सामाजिक र सांस्कृतिक रूपमा गहिरो रूपमा संस्थागत भइसकेको छ। पौडेलले महिनावारीलाई प्रकृतिले दिएको सामान्य जैविक प्रक्रिया भन्दै यसलाई अशुद्धता वा निषेधसँग जोडेर गरिएको व्याख्या वैज्ञानिक, मानवीय र मानवअधिकार दृष्टिले अस्वीकार्य रहेको बताइन्। उनले भनिन्छ, "महिनावारी जीवनचक्रको प्राकृतिक प्रक्रिया हो, यसलाई अपवित्रताको रूपमा परिभाषित गर्नु नै विभेदको सुरुआत हो।" उनले महिलाको शरीर, अस्तित्व र निर्णय क्षमतामाथि नियन्त्रण गर्ने सामाजिक संरचनात्मक सोच अझै गहिरो रूपमा विद्यमान रहेको उल्लेख गर्दै महिनावारीलाई त्यसैको एक प्रतीकात्मक अभ्यासका रूपमा समाजले प्रयोग गरिरहेको बताइन्।

## कर्णालीमा...

अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने उल्लेख छ। आर्थिक वर्ष २०८१/०८२ को कुल बजेट ३१ अर्ब ५१ करोड ५१ हजार रहेकोमा अर्थ मन्त्रालयले अर्थ विविधको चालु खर्चतर्फ विनियोजन भएको कुल ८० करोड तथा पूँजीगतर्फ एक अर्ब ५० करोडसमेत दुई अर्ब ३० करोड मध्ये आठ करोड ३५ लाख ६ हजार तथा अन्तर अनुदान संख्याको एक अर्ब ४५ करोड १४ लाख पाँच हजारसमेत गरी एक अर्ब ५३ करोड ४९ लाख ११ हजार रकमान्तरबाट थप/घट गरेको छ। उक्त रकमान्तरमध्ये अर्थ विविध र अन्तर अनुदान संख्यामा भएको कुल रकमान्तरको ६.३१ प्रतिशत अर्थात नौ करोड ६८ लाख २१ हजार असार महिनामा रकमान्तरण भएको देखिन्छ।

अर्थ विविधमा एकमुष्ट बजेट राखि अन्य कार्यक्रममा वर्षन्तमा रकमान्तरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने सुझाव महालेखाले वर्षेनी दिने गरेको भएपनि यसको पालनामा भने प्रदेश सरकार चुक्दै आएको आरोप लाग्दै आएको छ। प्रदेश सरकारले बजेट योजना यथार्थपरक नहुनु, आयोजना कार्यान्वयन ढिलो हुनु, खरिद प्रक्रिया समयमै पूरा नहुनु तथा वर्षान्तमा खर्च देखाउने दबाबका कारण असारमा रकमान्तर गर्ने गरेको छ।

यसै पनि कर्णाली प्रदेश सरकारको वार्षिक विकास बजेटको ग्राफ असार मसान्तले धान्ने गरेको छ। अर्थ विविध शीर्षकमा एकमुष्ट बजेट राखी पछि अन्य कार्यक्रममा सार्ने प्रवृत्तिले वित्तीय अनुशासन कमजोर हुने टिप्पणी महालेखाको टिप्पणी छ। असार महिनामा रकमान्तर गर्ने प्रवृत्ति नियन्त्रण गर्न प्रदेश सरकारले प्रभावकारी वार्षिक कार्ययोजना लागू गर्नुपर्ने, समयमै खरिद प्रक्रिया अगाडि बढाउनुपर्ने तथा वर्षान्तमा हुने असारे खर्च नियन्त्रण गर्नुपर्ने सुझाव दिदै आएको छ। तर, व्यवहारमा भने ठिक उल्टो भएको देखिन्छ।

## सुदूरपश्चिम...

कर्जा २०८२ असार मसान्तको तुलनामा २.०२ प्रतिशतले ह्रास भई १५ अर्ब ६४ करोड ११ लाख १० हजार पुगेको छ। यस प्रदेशका उद्योगको औसत क्षमता उपयोग ३०.८२ प्रतिशत रहेको छ। गत आवको सोही अवधिमा यस्तो उपयोग ३५.७९ प्रतिशत थियो। च


ालु आवको सो अवधिमा औद्योगिक उत्पादनमध्ये तोरीको तेल, रोजिन, चामल र साबुनको उत्पादनमा वृद्धि भएको छ भने अन्य सबै उद्योगका उत्पादनमा कमी आएको छ। यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामध्ये १७.१६ प्रतिशत हिस्सा उद्योग क्षेत्रमा प्रवाह भएको छ। औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा २०८२ असार मसान्तको तुलनामा ३.४१ प्रतिशतले घट्न गई पुस मसान्तसम्म २७ अर्ब ६३ करोड ३५ लाख ५० हजारमा झरेको छ।

यो प्रदेशमा चालु आवको पुसम्ममा पर्यटकको आवागमनमा गत वर्षको सोही अवधिको तुलनामा ४९.०७ प्रतिशतले वृद्धि भएको देखिन्छ। जग्गा रजिष्ट्रेसन संख्या ९.५३ प्रतिशतले बढेको छ भने रजिष्ट्रेसन राजस्व २.६० प्रतिशतले बढेको छ। यस प्रदेशमा कुल १२ हजार ४ सय ५५ यातायातका साधन दर्ता भएका छन्।

चालु आवको सो अवधिमा यस प्रदेशबाट २३ हजार ९ सय १९ जना पुरुष तथा २ हजार ४ सय २४ जना महिला गरी जम्मा २६ हजार ३ सय ४३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन्।

रानी जमरा कुलरिया सिँचाइ आयोजनाको भौतिक प्रगति ७४.८५ प्रतिशत र वित्तीय प्रगति ७१.४७ प्रतिशत छ। महाकाली सिँचाइ आयोजनाको भौतिक प्रगति ४० प्रतिशत र वित्तीय प्रगति ३५ प्रतिशत छ। त्यसैगरी, महाकाली पुल आयोजनाको भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति ९२.५ प्रतिशत रहेको छ।

## अटोचालकको पेसामा महिलाको आकर्षण



**युग संवाददाता**
**सुर्खेत, १२ जेठ ।**
पछिल्लो समय अटोचालक व्यवसायमा महिलाहरू आकर्षित हुँदै गएका छन्। सुर्खेतमा १०० भन्दा बढी महिला अटो चालक पेसामा आबद्ध छन्। सहर पसेसँगै उनीहरूले श्रम, सीप र साहसका साथ पेसालाई आत्मनिर्भर बनाउँदै लगेका छन्। जसबाट उनीहरूको दैनिकी मात्र चलेको छैन, भविष्यका लागि बचत समेत गर्न सफल भएका छन्।

महिलालाई आत्मनिर्भरतर्फ उन्मुख राखिराख्न कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयले ५४ अटोचालक महिलालाई यहाँ तालिम प्रदान गरेको छ। अटोचालकहरू कार्यक्रममा सहभागी मात्र भएनन्, त्यहाँ उनीहरूले पेसाको जोखिम, समाजले उनीहरूप्रति राख्ने दृष्टिकोण, गर्ने व्यवहार र सामना गर्नुपरेको चुनौतिका बारेमा खुलेर आ-आफ्नो धारण राखेका थिए।

कार्यक्रममा अटो चालक सुशीला सापकोटाले समाजमा महिलाले पनि चुनौतीपूर्ण कामलाई अवसरमा ढाल्न सक्ने र उनीहरू कमजोर नभएको तर्क गरे। तालिम कार्यक्रममा वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले पेसालाई माया गर्न र व्यवसायप्रति प्रतिबद्ध भएर कर्म गर्न सुझाव दिइन।

कर्णाली महिला स्वास्थ्य क्लिनिक सुर्खेतका प्रमुख तथा कर्णाली प्रदेश अस्पतालका स्त्रीरोग विशेषज्ञ तथा डा. ललित शाहीले महिला अटोचालकलाई बच्चा र आमाको स्वास्थ्य अवस्था ठीक राख्न बेला बेलामा अस्पतालमा जाँच गर्नसमेत सल्लाह दिए।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक मुकुन्दप्रसाद रिजालले महिला अटोचालकको व्यवसायलाई मर्यादित, सम्मानित र सुरक्षित बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको बताए। सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा महाशाखाका अधिकृत खगेन्द्रप्रकाश गैरेले महिला अटोचाललाई मानसिक र नसर्ने रोगका बारेमा जानकारी दिए।

## गणतन्त्रात्मक...

कानुनी तथा पेसागत अधिकारहरू प्रदान गरी पूर्णरुपमा सुरक्षा प्रदान गर्नु पर्दछ। यी अधिकारहरूमा योग्यताका आधारमा सबै नेपालीहरूलाई निजामती सेवामा प्रवेशगर्ने समान अवसर प्राप्तगर्ने प्रावधान र इमान्दारिताका साथ व्यवहारमा परिणत गरिदिनुपर्दछ। कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन। संरचनामा सेवाको सुरक्षाको प्रत्याभूति गरिँदा राजनीतिक उथलपुथलको परिणामका कारण उनीहरूको सेवा सम्बन्धी सुरक्षामा कुनै पनि प्रकारको चुनौतीको अवस्था बन्न दिनुहुँदैन। वृत्ति विकासका लागि न्यायोचित निष्पक्ष अवसर प्रदान गर्नु जरुरी हुन्छ। यसबाट सुयोग्य र दक्ष जनशक्तिको विकास सम्भव हुन्छ।

पेसागत हकहितका प्रवर्द्धन गर्नका लागि सरकार सदैव तत्पर रहनुपर्दछ। तर यो अधिकारका नाममा दलीय प्रभाव निजामती सेवामा ग्राह्य हुँदैन। कार्य वातावरणको सुरक्षा प्रदान गरी सम्मानपूर्वक आफ्ना कर्तव्यप्रति गम्भीर बन्न संयन्त्रलाई मार्गप्रशस्त हुनु पर्दछ, गर्नुपर्दछ। पेसाप्रतिको मर्यादा कर्तव्यपालनका सन्दर्भमा गरिने न्यायोचित व्यवस्थाका साथै यही प्रकारका नागरिकहरूका हक अधिकारहरूले निजामती संयन्त्र सुसज्जित हुँदा मात्र यो संयन्त्रले उच्च मनोबलका साथ कर्तव्य निर्वाह गर्न सक्दछ। निजामती राष्ट्रसेवकका अधिकारहरू र उनीहरूले सम्पादन गर्ने कर्तव्यहरूका आधारमा सौहार्दपूर्ण अवस्था निर्माण गर्नसक्ने सक्षम निजामती संयन्त्रले गतिशीलता प्रदान गर्दै लोकतान्त्रिक गणतन्त्रप्रति आस्था राख्ने नागरिकहरूको वृद्धि हुँदा र गणतन्त्रलाई सम्मानित र स्वीकार्य बनाउन यो संयन्त्रले कोशेढुङ्गाका रुपमा भूमिका निर्वाह गर्न सक्नु पर्दछ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली भएका देशहरूमध्ये कार्यकारणी अधिकारसहितको राष्ट्रपति र कार्यकारणी अधिकार प्रधानमन्त्रीमा रही आलङ्कारिक वा संवैधानिक राष्ट्रपति भएका देशहरूमध्ये कुन कुन देशमा यो गणतान्त्रिक प्रणाली बढी सफलभएको देखिन्छ ? यसको अध्ययन र विश्लेषण गर्दा स्वतन्त्र निर्वाचन, कानुनी शासन, प्रेस स्वतन्त्रता, भ्रष्टाचारको स्तर, नागरिक अधिकार, सत्ता हस्तान्तरणको स्थायित्व आदिलाई सूचकका रुपमा लिई अनुसन्धानहरू गरिएका छन्। यी सूचकहरूका आधारमा अध्ययन अनुसन्धान गर्ने 'इकनमिक इन्टिलीजेन्स युनिट', 'डेमोक्रेटिक इन्डेक्स', 'फ्रिडम हाउस', 'ट्रान्सपरेन्सी इन्टरनेसनल' आदिको नाम अग्रपंक्तिमा आउँछन्। यी संस्थाहरूको अध्ययनको निष्कर्षको विश्लेषण गर्दा अर्ध राष्ट्रपतीय प्रणाली अवलम्बन गरेको देश फिनल्यान्ड सफल देखिएको छ। प्रत्यक्ष रूपमा नै सङ्घीय लोकतान्त्रिक शासन प्रणाली भएको देश स्विजरल्याण्ड पनि सफल छ। संसदीय गणतन्त्र भएका देशहरू जर्मनी, आयरल्याण्ड र अस्ट्रियाले पनि सुशासन प्रदान गर्न सफल भूमिका निर्वाह गरिराखेका छन्।

कार्यकारी राष्ट्रपति भएको देश संयुक्त राज्य अमेरिकाले विश्वमै लोकतान्त्रिक शासन प्रणालीको नेतृत्वदायी भूमिका निर्वाह गरिराखेको छ। दक्षिण कोरियाले पनि राष्ट्रपतीय प्रणाली अवलम्बन गर्दै पाँच दशकको अवधिमा आफ्नो आर्थिक तरक्की अत्यन्त द्रुतगतिमा गरी जापानसँग प्रतिस्पर्धा गरिराखेको छ। संसदीय प्रणाली अवलम्बन गरिएका देशहरूमा लोकतन्त्रको स्थायित्व अत्याधिक भएको पाइन्छ। अधिकांश गणतन्त्र भएका देशहरूले राष्ट्रपतिलाई आलङ्कारिक बनाई नागरिकप्रति प्रत्यक्ष रुपमा जवाफदेहीता प्रदान गर्ने प्रधानमन्त्रीको व्यवस्था गरेका छन्। नेपालको व्यवस्था पनि संसदीय गणतन्त्रात्मक नै हो। यो प्रणाली सबैभन्दा बढीसफल विश्व परिवेशमा देखिँदै गएको छ।

**निष्कर्षः**

लामो सङ्घर्ष, जनआन्दोलन र बलिदानपछि नेपाली जनताले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका हुन्। यसले नेपाली जनतालाई सार्वभौम सत्ताको वास्तविक अनुभूति गराएको छ। यद्यपि गणतन्त्रको सफलताको लागि केवल व्यवस्था परिवर्तन मात्र पर्याप्त हुँदैन। राजनीतिक स्थिरता सुशासन कानुनी शासन र नागरिक सचेतना पनि उत्तिकै आवश्यक हुन्छ। गणतन्त्रलाई प्रभावकारी बनाउन राजनीतिक दल नागरिक समाज र आमजनताले समान रुपमा जिम्मेवारी निर्वाह गर्नुपर्दछ।

अन्त्यमा लोकतन्त्रको स्थायित्व समावेशीता र प्रभावकारिताका लागि गणतन्त्र अत्यावश्यक छ। गणतन्त्रले जनतालाई शासनको केन्द्रमा राख्दै समानता स्वतन्त्रता र न्यायको सुनिश्चितता गर्दछ। यसले लोकतन्त्रलाई केवल सैद्धान्तिक अवधारणामा सीमित नराखी व्यवहारमा कार्यान्वयन गर्ने आधार प्रदान गर्दछ। लोकतन्त्रलाई सुधिर समृद्ध र जनमुखी बनाउन गणतन्त्रको संरक्षण र सशक्तीकरण नेपालको सन्दर्भमा पनि अपरिहार्य भएको छ।
*(लेखक नेपाल सरकारका पूर्वसचिव हुन्)*

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

युवालाई साइबर सचेतना :

# डिजिटल साक्षरता तथा साइबर सुरक्षा कार्यक्रम

**सरला सुवेदी**
**बाँके, १२ जेठ ।**

डिजिटल प्रविधिको तीव्र विस्तारसँगै साइबर सुरक्षासम्बन्धी चुनौती बढिरहेका बेला बाँकेका युवालाई लक्षित गर्दै “साइबर सेक्युरिटी तथा डिजिटल साक्षरता” सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ।

लुम्बिनी प्रदेश युवा परिषद् विकास समितिको आयोजनामा सम्पन्न कार्यक्रममा सुरक्षित डिजिटल प्रयोग, सामाजिक सञ्जालको जिम्मेवार उपयोग तथा साइबर अपराधबाट बच्ने उपायबारे जानकारी गराइएको परिषद्का कार्यकारी उपाध्यक्ष हंसराज खनालले जानकारी दिए।



कार्यकारी उपाध्यक्ष खनालको अध्यक्षतामा आयोजित कार्यक्रममा जानकी गाउँपालिकाका अध्यक्ष छब्बन खाँले वर्तमान समयमा युवाका लागि डिजिटल साक्षरता अत्यन्त आवश्यक रहेको बताउँदै यस्ता कार्यक्रमले समाजमा सकारात्मक चेतना फैलाउने विश्वास व्यक्त गरे।

कार्यक्रममा महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जका उपप्राध्यापक केशव पौडेल, जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी निरीक्षक रमेश बिष्ट तथा अधिकारकर्मी प्रकाश उपाध्यायले सहजीकरण गरेका थिए। उनीहरूले साइबर अपराधका जोखिम, अनलाइन ठगी, व्यक्तिगत गोपनीयता सुरक्षा, सामाजिक सञ्जालको सुरक्षित प्रयोग तथा डिजिटल जिम्मेवारीका विषयमा सहभागीलाई जानकारी गराएका थिए।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी निरीक्षक बिष्टले पछिल्लो समय साइबर अपराधसम्बन्धी उजुरी बढ्दै गएको बताउँदै विशेषगरी युवापुस्ता यसबाट बढी प्रभावित भइरहेको उल्लेख गरे। उनले भने, “साइबर अपराधमा युवापुस्ताको संलग्नता र पीडित दुवै बढिरहेका छन्, त्यसैले सबैजना सचेत हुन जरुरी छ।”

परिषद्का अधिकृत प्रेमराज रावतका अनुसार कार्यक्रममा बाँकेका विभिन्न शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको थियो। सहभागी विद्यार्थी बिन्दु शर्मा र खुस्बु केसीले कार्यक्रमबाट सामाजिक सञ्जालको सुरक्षित प्रयोग, व्यक्तिगत विवरणको सुरक्षा तथा साइबर जोखिमबाट बच्ने उपायबारे उपयोगी जानकारी प्राप्त भएको प्रतिक्रिया दिए। सहजकर्ता प्रकाश उपाध्यायले कार्यक्रमले युवामाझ डिजिटल दुनियाँलाई सुरक्षित, जिम्मेवार र सिर्जनात्मक रूपमा प्रयोग गर्ने चेतना अभिवृद्धि गर्न महत्वपूर्ण सहयोग पुगेको बताए

# दिगो पर्यटन प्रवर्द्धनका लागि पञ्चवर्षीय रणनीति

**युग संवाददाता**
**काठमाडौँ, १२ जेठ ।**

नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को संयुक्त पहलमा नेपालको दिगो पर्यटनका लागि पञ्चवर्षीय रणनीति तयार गरिने भएको छ। यसका लागि ती दुई निकायद्वारा ‘इन्टरनेसनल मार्केटिङ स्ट्राटेजी एन्ड फाइभ इयर एक्सन प्लान’सम्बन्धी छलफल छ। छलफलमा नेपाललाई विश्व पर्यटन बजारमा प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न प्रभावकारी बजारीकरण रणनीति अपरिहार्य रहेकोमा जोड दिइएको छ।

दिगो पर्यटन परियोजना (एसटिपी)का राष्ट्रिय परियोजना संयोजक खड्गविक्रम शाहले पर्यटन प्रवर्द्धनका लागि स्पष्ट रणनीति र समन्वित प्रचारप्रसार आवश्यक रहेको बताए। त्यसअवसरमा विश्वव्यापी परामर्शदाता संस्था ‘बीड’ले तयार पारेको रणनीति र पाँच वर्षीय कार्ययोजना प्रस्तुत गरियो। बीडका प्रमुख कार्यकारी अधिकृत सुजीव शाक्यले सन् २०२६ देखि २०३० सम्म कार्यान्वयन हुने उक्त रणनीतिले नेपाल पर्यटनलाई सङ्ख्यामा आधारित ढाँचाबाट मूल्यआधारित पर्यटनतर्फ रूपान्तरण गर्ने लक्ष्य राखेको जानकारी दिए।

रणनीतिमा बजार विश्लेषण, उपभोक्ता व्यवहार विश्लेषण, प्रतिस्पर्धात्मक विश्लेषण तथा वितरण प्रणाली गरी चार मुख्य पक्ष समेटिएका छन्। योजना निर्माण प्रक्रियामा १३५ जना सरोकारवालासँग परामर्श गरिएको जनाइएको छ।

उक्त रणनीतिले विश्व पर्यटनका नयाँ प्रवृत्ति, नेपालको पर्यटन अवस्था तथा पर्यटन निर्भरताका छ वटा आधारस्तम्भको विश्लेषण गरेको छ। नेपाललाई साहसिक पर्यटन गन्तव्यका रूपमा मात्र नभई संस्कृति, अध्यात्मिक, आरोग्य, प्रकृति तथा दिगो पर्यटन अनुभवको केन्द्रका रूपमा अन्तरराष्ट्रिय बजारमा स्थापित गर्नुपर्नेमा जोड दिइएको छ।

नेपाल पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत हिक्मतसिंह ऐरले नेपालका सीमावर्ती शहरमा पर्यटन क्षेत्रमा ठूलो लगानी भइरहेको भए पनि समन्वित मार्केटिङ रणनीतिको अभाव रहेको बताए। उनले काठमाडौँ बाहिरका सहरलाई पर्यटन सञ्जालमा जोड्न बोर्डले विभिन्न पर्यटन मार्टहरू आयोजना गर्दै आएको जानकारी दिए।

युएनडिपीका सहायक आवासीय प्रतिनिधि धर्म स्वर्णकारले नेपालको समृद्धिको आधार नै पर्यटन भएको उल्लेख गर्दै यसलाई पुँजीमा रुपान्तरण गर्न अझै चुकिरहेको टिप्पणी गरे। “नेपालको पर्यटनका विविध आयाम भएका कारण संख्या पनि उत्तिकै महत्वपूर्ण छ। तर, अझै मूल्यमा आधारित पर्यटन रणनीति नै आजको आवश्यकता हो”, उनले भने।

छलफलमा सहभागीले नेपालको अन्तरराष्ट्रिय ‘ब्रान्डिङ’ सुदृढ गर्न, डिजिटल मार्केटिङलाई प्रभावकारी बनाउन, नयाँ गन्तव्यको प्रवर्द्धन गर्न तथा सरकारी निकाय र निजी क्षेत्रबीच सहकार्य विस्तार गर्नुपर्ने आवश्यकता औँल्याए।

## के भन्छ...

अनुसार रकम व्यवस्थापनका लागि रकमान्तर गर्ने गरिएको दावी उनको छ।

‘काम सम्पन्न भइसकेपछि दायित्व सिर्जना भएको अवस्थामा कुनै शीर्षकमा रकम अपुग भयो भने अन्य शीर्षकमा बचत भएको रकम व्यवस्थापन गर्ने हो,’ उनले भने। तिमिल्सेनाले विशेषगरी पूर्वाधार तथा विकास निर्माणसम्बन्धी पूँजीगत योजनामा असारतिर रकमान्तर बढी देखिने बताए।

निर्माणको काम अघि बढिसकेको, ठेक्का लागिसकेको तथा अन्तिम चरणमा बिल भुक्तानी गर्नुपर्ने अवस्थामा रकम अपुग भए रकमान्तर गर्नुपर्ने अवस्था आउने उनको भनाइ छ। उनले प्रचलित कानुनले निश्चित सीमाभित्र रकमान्तर गर्न सकिने व्यवस्था गरेको उल्लेख गर्दै मन्त्रालयले सोही अनुसार काम गरेको दाबी गरे।

‘विकासी अड्डाहरूमा अन्तिम समयमा बिल भुक्तानी गर्नुपर्ने भएकाले असारमा केही बढी देखिएको हो,’ उनले भने। महालेखा परीक्षकको प्रतिवेदनमा असारमा भएको रकमान्तरप्रति प्रश्न उठाइएको विषयलाई उनले सकारात्मक रूपमा लिनुपर्ने बताए। ‘रकमान्तर गर्न मिल्ने कानुनी व्यवस्था भए पनि त्यसको दुरुपयोग हुन नदिन महालेखाले चेतावनी दिएको छ,’ तिमिल्सेनाले भने, ‘हामीले त्यसलाई आर्थिक पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढ बनाउने अवसरका रूपमा लिएका छौं।’

## ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/०८ गते शुक्रबार**

उपरोक्त विषयमा यस साझा बचत तथा ऋण सहकारी संस्था लि. वाट विभिन्न मिति, समय र शिर्षकमा लगानी गरिएको कर्जा लिखित शर्तनामामा तोकिएको समयावधि समाप्त भए पनि कर्जा चुक्ता गर्न आनाकानी गर्ने, सम्पर्कविहीन हुने अवस्था रहेको र विभिन्न समयमा पटक-पटक ऋण चुक्ताको लागि मौखिक, लिखित, फोन सम्पर्क गरी अनुरोध गरिएतापनि हालसम्म कर्जा चुक्ता गर्न नआएकोले ३५ दिनभित्र आफ्नो सांवा, व्याज र ऋण सम्बन्धि अन्य दायित्व वापतको तिर्न बुझाउन पर्ने रकम चुक्ता गर्नुहुन सम्बधित सबै कर्जा धनीहरुलाई सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थालाई बुझाउन बांकी रहेको सम्पूर्ण सांवा, व्याज र हर्जना लगायतका रकम यकमुष्ट चुक्ता गर्न गराउनको लागि सम्बन्धित ऋणी , धितोवाला, जमानीकर्ता एवम सम्बद्ध सबैलाई यसै सुचनाद्धारा जानकारि गराईन्छ। अन्यथा सो म्यादभित्र बक्यौता रहेको सम्पुर्ण रकम संस्थालाई भुक्तान नगर्ने ऋणी सदस्यहरुको ऋण असुल गर्न आवश्यक कानुनी प्रक्रियाका लागि सहकारी ऐन २०७४, राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन र संस्थाको ऋण लगानी कार्यविधिको अधिनमा रहि कर्जाधनी, र जमानीकर्ताले ऋण लिदाको बखत गरेका तमसुक तथा लिखित कागजातहरुका आधारमा ऋणि र जमानी दिने व्याक्तीको फोटो र तिन पुस्ते नामावली सहित उल्लेख गरी सामाजिक संञ्जाल, तथा स्थानिय पत्र पत्रिकामा सुचना प्रकाशन गरिने र आवश्यक कानुनी प्रक्रियाबाट धितो, जायजेथा लिलाम बिक्री गरि असुलउपर गरिने छ। साथै जमानीमा रहेको धितो लिलाम विक्रीबाट पनि यस संस्थाको लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा तथा सम्पतिबाट समेत असुल उपर गरि लिने र ऋणी र जमानी सदस्यलाई कानुन बमोजिम कर्जा सुचना केन्द्रको कालो सुचिमा नाम समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई यो सार्वजनिक सुचनामार्फत जानकारी गराईन्छ। संस्थाको यस कार्यबाट ऋणी सदस्यहरुको सामाजिक मानमर्दन, पद, व्यवसायिक कार्य र व्यक्तिगत छविमा आंच आउने र हानी नोक्सानी हुने भएमा संस्था जवाफदेही नहुने व्यहोरा यसै सार्वजनिक सूचनामार्फत जानकारी गराईन्छ।

संस्थाको हित तथा सदस्यहरुको वितिय अनुशासन कायम राख्न सम्बन्धित सबैमा सहयोगको अपेक्षा राख्दछु।

**कर्जा विभाग**
**साझा बचत तथा ऋण सहकारी संस्था लि.**
वीरेन्दनगर-०९, सुर्खेत
फोन नं ०८३-५२५३८८

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं।

- राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौं,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ।

**समयमै उपचार भएमा सर्पदंश निको हुन्छ,**
**ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




Book & Copy Printing


Packaging Box Printing


Wedding Card Printing


Stamp


Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।